# प्रदेश सभा

# अर्थ विकास तथा प्राकृतिक स्रोत समिति

सुदूरपश्चिम प्रदेश धनगढी, कैलाली

**वैठक संख्या :- १०**

मिति २०८०।०६।१९

## <u>छलफल तथा निर्णय</u>

<u>निर्णयहरु</u> :

१. मिति २०८०/०६/१६ गते सुदूरपश्चिम प्रदेशको बझाङ्ग लगायत विभिन्न जिल्लामा आएको भुकम्पका कारण मानवीय तथा भौतिक क्षति पुग्न गएको घटना प्रति समिति सहानुभूति प्रकट गर्दछ। साथै उक्त घटनाबाट पीडित पक्षलाई यथाशिघ्र उचित राहत उपलब्ध गराउन र भविष्यमा यस्ता किसिमका प्राकृतिक प्रकोपबाट बच्नका लागि आवश्यक पूर्व तयारी गर्न उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, भौतिक पूर्वाधार विकास मन्त्रालय र आर्थिक मामिला मन्त्रालयलाई निर्देशन दिने ।

२. उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको वार्षिक बजेट कार्यान्वयनका लागि कार्यक्रम कार्यान्वयन कार्यविधि निर्माणको अवस्था र निर्माण भएको भए सो सम्बन्धी जानकारी लिनका लागि उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयका सचिवलाई मिति २०८०/०६/२२ गते दिनको २:०० बजे बस्ने समितिको वैठकमा आमन्त्रण गर्ने ।